**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# विवस्त्र रामायण कथामा नारीवाद

**सुरज पौडेल**
**उपप्राध्यापक**
**नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: poudelsuraj91@gmail.com

Received date : 6 December 2024, Reviewed date : 9 January 2025, Accepted date : 7 February 2025

***लेखसार***

प्रस्तुत 'विवस्त्र रामायण' मा 'नारीवाद' शीर्षकको आलेख उत्तरआधुनिक नारीवादी कोणबाट 'विवस्त्र रामायण' कथालाई केलाउने उद्देश्यले तयार गरिएको हो । कथाकार अर्चना थापाद्वारा लिखित 'विवस्त्र रामायण' कथालाई नारीवादी कोणबाट विश्लेषण गर्ने सन्दर्भमा मूलतः पुस्तकालय कार्यको उपयोग गर्दै प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरी तिनको अध्ययन विश्लेषणबाट प्राप्त तथ्यलाई तर्क, प्रमाण र कार्य कारण सम्बन्धका आधारमा पुष्टि गरिएको छ। प्रस्तुत कथालाई नारीवादी कोणबाट हेर्दा 'रामायण' लाई विपठन/विनिर्माण गरी पुरूषद्वारा पीडित नारीका पीडालाई मिनाक्षी र मैथिलीका माध्यमबाट प्रस्तुत गरिएको छ । पितृसत्ताका कारण रामायणका नारी पात्रहरूले मनभरि पीडा बोकेर बनावटी हाँसो हाँस्नु परेको वास्तविकतालाई कथामा प्रस्तुत गरिएको छ । पितृसत्ताको विरोध, विगतप्रति चरम विद्रोह, अस्तित्वशून्य आदर्श जीवनप्रतिको अनास्था, नारीअस्मिताको अग्नि परीक्षा, नारी स्वतन्त्रताको वकालतजस्ता पक्षहरू कथामा उद्घाटित भएका छन् । पुरूषप्रधान समाजका नारीहरूले सदियौंदेखि भोग्दै आएका पीडा र व्यथाहरूलाई प्रतिकार र प्रतिरोध गर्ने कार्य मिनाक्षी र मैथिलीका माध्यमबाट भएको छ । यसरी हेर्दा गहन बौद्धिकता र तार्किकताका साथ लेखिएको 'विवस्त्र रामायण' विषयवस्तुका दृष्टिले मात्र नभई प्रस्तुतिका दृष्टिले पनि नवीन र उत्कृष्ट कथा हो ।

***शब्दकुञ्जी*** : विवस्त्र रामायण, नारीवाद, विपठन/विनिर्माण, पितृसत्ता, अस्मिता ।

## विषय प्रवेश

समकालीन नेपाली आख्यानमा उदीयमान साहित्यिक व्यक्तित्व अर्चना थापाद्वारा लिखित 'कठपुतला' (वि.सं. २०७४) कथा सङ्ग्रहभित्र सङ्ग्रहित आठवटा कथा (अन्तर्दाह, पराकम्पन, कठपुतला, परमात्मा समाहितः, विमर्द, विवस्त्र रामायण, सत्य, सेतो बास्ना) मध्ये 'विवस्त्र रामायण' रामायणको विषयलाई उत्तरआधुनिक नारीवादी कोणबाट विनिर्माण/विपठन गरी लेखिएको एक उत्कृष्ट कथा हो । अङ्ग्रेजी साहित्यमा विद्यावारिधि गरेकी अर्चना साहित्यकार व्यक्तित्व मात्र नभएर सम्पादक, समालोचक र नाट्य अभिनेतृ व्यक्तित्वका रूपमा पनि परिचित छन् । अरूले नदेखेका र नटिपेका तर मान्छेले

*Copyright 2025 © the Author (s) and the Publisher*

आफ्नो जीवनमा प्रत्यक्ष भोगेका अनुभव र अनुभूतिहरूलाई बडो रोचक र व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गर्ने शैलीका कारण पनि उनका रचनाहरू अन्तर्वस्तु र शैलीशिल्पका दृष्टिले विशिष्ट देखिन्छन् । नवीन शैलीशिल्प र कथाको प्रस्तुतिभित्र अन्तर्निहित भावको गाम्भीर्य नै उनको मूलभूत साहित्यिक विशेषता हो । 'कठपुतला' कथा सङ्ग्रहभित्रका कथाले उनलाई अझ बढी नारीवादी स्रष्टाका रूपमा स्थापित गरेको छ ।

हुन त कथा कुनै परिभाषाको सिमानामा कैद हुन सक्दैन । कथालाई विभिन्न तत्त्व, वाद वा सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ । लैङ्गिक विभेदलाई विषयवस्तु बनाएर लेखिएका कथाहरूलाई नारीवादी कोणबाट समालोचना गर्न सकिन्छ । नारीवादका पनि उदारवादी नारीवाद, मार्क्सवादी नारीवाद, समाजवादी नारीवाद, अतिवादी नारीवाद, उत्तरआधुनिक नारीवाद गरी विभिन्न प्रकार रहेका छन् । सन् १९८० को दशकपछि सञ्चार माध्यमबाट चर्चामा आएको उत्तरआधुनिक नारीवादले महिलाहरूका ठोस वास्तविकताभन्दा पनि महिलाहरू वरिपरि बुनिएका विभिन्न भाष्यहरूलाई विशेष ध्यान दिन्छ । कथाकार अर्चना थापाले वाल्मीकिद्वारा रचित 'रामायण' का नारीपात्रहरूको भूमिकालाई उल्ट्याएर विवस्त्र रामायणको रचना गरेको हुनाले यस कथालाई उत्तरआधुनिक नारीवादी कोणबाट विश्लेषण गर्न उपयुक्त देखिन्छ । कथामा नारीपात्रहरूले खेलेको भूमिका र विद्रोहलाई आधार बनाएर विभिन्न थिमहरू निर्माण गरी उत्तरआधुनिक नारीवादी कोणबाट कथाको विश्लेषण गरिएको छ ।

## समस्याकथन र उद्देश्य

कथाकार अर्चना थापाद्वारा लिखित कठपुतला (२०७४) कथासङ्ग्रहभित्रको 'विवस्त्र रामायण' कथालाई यस अध्ययनको मुख्य क्षेत्र बनाइएको छ । यस कथालाई विभिन्न तत्त्व, वाद वा सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ तापनि नारीवादलाई मुख्य शोध्यसमस्या बनाएर कथाको विश्लेषण गरिएको छ । मूलतः उत्तरआधुनिक नारीवादी कोणबाट 'विवस्त्र रामायण' कथाको व्याख्या विश्लेषण गर्नु प्रस्तुत अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययन विधि र प्रक्रिया

यो अध्ययन मूलतः गुणात्मक प्रकृतिको छ । प्रस्तुत लेख तयार पार्ने सन्दर्भमा पुस्तकालय कार्यको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतको सामग्रीका रुपमा कथाकार अर्चना थापाको कठपुतला (२०७४) कथासङ्ग्रह र द्वितीयक स्रोतका सामग्रीका रुपमा यस अध्ययनसँग सम्बन्धित लेखरचना, समालोचना, पाठकीय टिप्पणी, नारीवादसँग सम्बन्धित सैद्धान्तिक मान्यता र अवधारणालाई उपयोग गरिएको छ । सङ्कलित सामग्रीको अध्ययनबाट प्राप्त आवश्यक सूचना वा तथ्यलाई विभिन्न शीर्षक उपशीर्षकमा चर्चा गरिएको छ । नारीवादी कोणबाट कथाको विश्लेषण गर्ने सन्दर्भमा विभिन्न थिमहरू निर्माण गरी सङ्कलित तथ्यको व्याख्या विश्लेषण गरिएको छ । व्याख्या विश्लेषणलाई व्यवस्थित र विश्वसनीय बनाउन सन्दर्भ र प्रसङ्गअनुसार कथाका साक्ष्यहरू प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

नारीमाथि हुने उत्पीडन र शोषणको जगबाट नारीवादको विकास भएको हो । वस्तुतः यो सामाजिक लिङ्ग विभेद नकार्ने वा लैङ्गिक समानताको वकालत गर्ने आन्दोलन पनि हो (पौडेल, २०६९, पृ. ६४) । प्राकृतिक लिङ्ग विभेदलाई हेरेर नारीप्रति गरिने चर्को सामाजिक विभेदसँग नारीवादले असहमति राख्दछ । नारीवादी सैद्धान्तिक दृष्टि निर्माण गर्ने काम सन् १९७० पछि नै हुन थालेको मानिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३७३) । नारीवादी साहित्यले समाजमा पुरूषले नारीलाई हेय भाव देखाउन गर्ने सबै किसिमका जालझेलको प्रतिकार गर्दछ । नारीवादी साहित्य भनेको नारीलाई केन्द्रमा राखेर लेखिने साहित्य हो (त्रिपाठी, २०६८, पृ. ५) । नारीवादले नारीका चाहना र मान्यतामाथि पुरुषको दृष्टिकोणबाट गरिएका व्याख्या र पुरुषद्वारा स्थापित नारीको स्थानको विरोध गर्छ । पाश्चात्य चिन्तक अरस्तुले केही गुणहरूको कमीका कारण नारी नारी भएकी हो भनेर नारीका कमजोरी औंल्याए ( अधिकारी, २०६८, पृ.३६) । त्यस्तै सेन्ट टमसले नारी जाति अपूर्ण सृष्टि हो भनेका छन् भने मनोविश्लेषक सिग्मन्ड फ्रायडले नारीमा पाइने शिश्न ईर्ष्याका सन्दर्भबाट नारीलाई अपूर्ण ठानेका छन् । पितृसत्ताले नारीलाई सामाजिक, आर्थिक, सांस्कृतिक, कानुनी क्षेत्रमा भेदभाव गर्दै नारीलाई हीन र अपूर्ण मानव देखाउन खोज्यो भन्ने आरोप नारीवादीहरूले लगाउँदै आएका छन् । अत : पितृसतात्मक पर्खालहरू भत्काएर नारी अस्तित्वको अलग पहिचान स्थापित गराउनु नै यस आन्दोलनको मूल लक्ष्य हो (भट्टराई, २०६१, पृ.६९) । नारीवाद साँचो अर्थमा पुरुषको विरोधी नभएर सहअस्तित्वको खोजी गर्ने सिद्धान्त हो ।

उदारवादी नारीवाद, मार्क्सवादी समाजवादी नारीवाद, उग्र (रेडिकल) नारीवाद, उत्तरआधुनिक नारीवाद गरेर नारीवादका पनि विभिन्न प्रकारहरू छन् । अमेरिकी र फ्रान्सेली क्रान्तिको थालनीसँगै अमेरिका र फ्रान्समा सुरू भएको नारीवादी आन्दोलन क्रमैसँग विस्तार हुँदै गएर दोस्रो विश्व युद्धपछि साहित्यमा पनि सचेत रूपमै देखा पर्न थालेको पाइन्छ (खनाल, २०७५,पृ. १२) । नारीवादका विभिन्न प्रकारहरूमध्ये 'विवस्त्र रामायण' उत्तरआधुनिक नारीवादी कोणबाट लेखिएको हुनाले कथाको समालोचना गर्नुपूर्व उत्तरआधुनिक नारीवादका बारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक नै ठहर्छ । उत्तरआधुनिकतावादमा विशेषतः डेरिडाको विनिर्माण, रोलाँ बार्थको सङ्केत विज्ञान, फुकोको डिस्कोर्स र लियोटार्डका उत्तरआधुनिक विश्लेषणका सन्दर्भहरू संश्लिष्ट रहेका छन् (गौतम, २०६४, पृ. १-१३१) । त्यसैले उत्तरआधुनिकतावाद नारीवाद लगायतका विभिन्न वादहरूको छाता नाम हो । खासगरी दोस्रो विश्वयुद्धपछि सिर्जित नयाँ अनुभूति, स्थापित मूल्यमान्यताको विघटन तथा विषम परिस्थितिको भोगाइबाट जन्मिएको चिन्तनका रूपमा यसलाई लिइन्छ । विशेषतः सन् १९८०/१९९० को दशकमा फ्रान्सेली बौद्धिक नारी जो इतिहास, भाषाशास्त्र, सौन्दर्यशास्त्र तथा मनोविश्लेषणसँग सम्बद्ध थिए । उनीहरूले नै उत्तरआधुनिक नारीवाद निर्माण गरेको बुझिन्छ (तामाङ, सन् २००४, पृ. ५३४) । यो चिन्तनले पुराना मान्यता भत्काएर नयाँ स्थापना गर्ने कुरामा जोड दिन्छ । यसको ध्यान नारी र नारीत्वको समाजले लगाउने फरक अर्थको व्याख्यामा केन्द्रित हुन्छ । यसले साहित्यमा सीमान्तकृत नारीको अवस्था समेटिनु पर्छ भन्ने मान्यता राख्दछ । उत्तरआधुनिक नारीवादी समालोचनामा मिसेल फुको, डेरिडा, लुसी इलिगरी, ल्योटार्ड, जुलिया क्रिस्टिभाको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

## नारीवादी कोणबाट 'विवस्त्र रामायण' को विश्लेषण

अर्चना थापाद्वारा लिखित 'विवस्त्र रामायण' लाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ । यो वाल्मीकिद्वारा रचित रामायणलाई नारीवादी कोणबाट विपठन गरी लेखिएको कथा हो । रामायणमा वर्णित नारी पात्रहरूको भूमिकालाई उल्ट्याउने कार्य यस कथाले गरेको छ । त्यसैले यहाँ 'विवस्त्र रामायण' कथालाई उत्तरआधुनिक नारीवादी कोणबाट केलाउने प्रयास गरिएको छ :

### रामायणको विपठन/विनिर्माण

'विवस्त्र रामायण' वाल्मीकिद्वारा रचित *रामायण*को मूल विषयलाई उत्तरआधुनिक नारीवादी कोणबाट *विनिर्माण/विपठन गरी* लेखिएको कथा हो । यसको प्रस्तुतिमा म्याजिकल रियालिजम रहेको छ । रामायणका नारी पात्रहरू यस कथामा आफ्ना असन्तुष्टि व्यक्त गर्दै नयाँ स्वरूपमा देखिएका छन् । शूर्पणखा आधुनिक युवती मिनाक्षीका रूपमा र सीता आधुनिक सचेत नारी मैथिलीका रूपमा देखिएका छन् । प्रतिष्ठित प्रकाशन गृहमा काम गर्ने मिनाक्षी परम्परित पाखण्डविनाको उदाङ्गो/विवस्त्र रामायण लेख्ने सोच बनाई प्रकाशन गृहको काम छाडेर बसेकी छ तर उसलाई प्रकाशन गृहले मैथिलीको आत्मकथा पढी राय दिन आग्रह गरेको र त्यो विषय उसको रूचिकै भएकाले पढ्छे (खनाल, २०७५,पृ. ७) । कथाकारका दृष्टिमा पितृसत्तालाई केन्द्रमा राखी परम्परागत रूपमा तयार पारिएको 'रामायण' जतिसुकै भाषामा लेखिएर ख्यातिप्राप्त भए पनि त्यसले नारीका आवाजलाई दबाएर पुरूषकै भक्तिगान गाएको छ । त्यसैले कथाकारले परम्परावादी रामायणकै 'शूर्पणखा' लाई आधुनिक युवती मिनाक्षीका रूपमा प्रस्तुत गरेर रामायणको विपठन वा विनिर्माण गर्न लगाएकी छन् र विनिर्माण गरिएको रामायणलाई 'विवस्त्र रामायण' को संज्ञा दिइएको छ ।

> सयभन्दा बढी भाषामा रामायण लेखिएका छन् । कसले पढ्छ अचेल रामायण ? मिनाक्षी जिस्केजस्तो लाग्यो लक्ष्मणलाई । पत्याएन । तपाईंले भनेको सत्य हो । थुप्रै रामायण लेखिएका छन् वाल्मीकि रामायण, तुलसीदास रामायण, अगस्तेय रामायण, भानुभक्त रामायण र अरू अनगिन्ती रामायण ! तर प्रायजसो सबै रामायण फोटोकपीका पुनर्उत्पादित कपी हुन् । ती कपीहरू नरदृष्टिले देखेका र लेखेका नरलीला कलेवर हुन् ! सङक्षिप्तमा भन्ने हो भने एकपक्षीय पुंजातीय सरितसिन्धु ... । (थापा, २०७४, पृ.१६९)

यसरी हेर्दा कथाकारका दृष्टिमा परम्परावादी रामायणका सीता, शूर्पणखा लगायतका नारी पात्रहरू अन्यायमा परेको हुनाले 'विवस्त्र रामायण' को रचना भएको हो । रामायणको विनिर्माण गरी नारीवादी कोणबाट 'विवस्त्र रामायण' रचना गरिएको कुरा विभिन्न दावी, तर्क र प्रमाणका आधारमा कथामा पुष्टि गरिएको छ । जादुमय ढङ्गमा टुङ्ग्याइएको यस कथामा विगतमा स्थापित देव/दानव, नैतिक/अनैतिक, सत्य/असत्य, नर/नारीलाई पूरै उल्ट्याइएको छ । शूर्पणखाका कोणबाट रामायणको विपठन/विनिर्माण गरिएको छ ।

### पितृसत्ताको विरोध

हाम्रो समाज परापूर्वकालदेखि नै पितृसत्तात्मक परिवारबाट चल्दै आएको छ । समय क्रममा माताबाट पिताले शासन आफ्नो हातमा लिएर नारीप्रति गरेको अमानवीय व्यवहार नै पितृसत्ता हो (

खनाल, २०७५,पृ. १२) । यो मानवता विरोधी सोच पनि हो । यसले मान्छेको प्राकृतपन पनि समाप्त पारेको छ । 'विवस्त्र रामायण' मा पितृसत्ताका कारण उत्पन्न नारी शोषण र दमनको विरोध गरिएको छ । रामायणका सीता र शूर्पणखाजस्ता नारी पात्रहरूले पितृसत्ताका कारण पुरुषबाट भोग्नुपरेका पीडा र व्यथालाई 'विवस्त्र रामायण' का मैथिली र मिनाक्षीले भने सशक्त रूपमै प्रतिरोध गरेको पाइन्छ । यस कथामा नारीत्वका पुराना मानकहरूलाई उदार नारीवादी कोणकै तहबाट मात्र भत्काइएको छ । मैथिली पात्रले आफ्नो श्रीमान्को नाम नलेखी आलङ्कारिक शब्द प्रयोग गर्नुलाई पितृसत्ताकै उपजका रूपमा लिन सकिन्छ । पतिभक्त हिन्दू नारीका रूपमा उपस्थित मैथिलीका यस्ता खाले गतिविधि मिनाक्षीलाई पटक्कै मन परेको छैन । "श्री कौशल्यासुत रामानन्दजी' भनेर सम्बोधन गरेका पदावलीहरू मिनाक्षीले 'हाइलाइट' गरी । आफ्नो जीवनसङ्गीको नाम भन्न नसकेर नानाथरीको आलङ्कारिक सम्बोधन गरेको उचित लागेन उसलाई" (थापा, २०७४, पृ.१६४) । वाल्मीकि रामायणका कतिपय प्रसङ्गहरूले सीतालाई पतिव्रता आदर्श नारीका रुपमा मात्र नभएर जुझारु र सबला नारीका रुपमा पनि उभ्याएका छन् । कथाकारले सीताको यो पाटोलाई लुकाउनु दुर्बल पक्ष हो ।

वाल्मीकि रामायणमा आफ्ना रूचि, चाहना, आवश्यकता आदिलाई स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्ने नारी पात्र शूर्पणखालाई तत्कालीन पितृसत्ताले कामोत्तेजक कलङ्किनी, रौद्ररूप, विकृत, कुरूपिणी, कुनास, राक्षसीजस्ता शब्दले चित्रण गऱ्यो । यो सरासर पितृसत्ताले नारीमाथि गरेको अन्याय र अत्याचार बाहेक अरू केही हुन सक्दैन भन्ने कथाकारको दृष्टिकोण छ । "म मिनाक्षी ... ! अझै चिन्नुभएन ? वाल्मीकिले कामोत्तेजक कलङ्किनी भनेर चित्रण गरेकी पात्र मै हुँ । आइमाईहरूलाई तह लगाउन र नैतिक गरिमाको नियम लागू गर्न मेरो नाम मेटाएर राक्षसनी बनाए" (थापा, २०७४, पृ. १७९) । यसरी मिनाक्षीले पितृसत्ताको विरोध गरेकी छन् ।

## विगतप्रति चरम विद्रोह

'रामायण' लाई विनिर्माण गरी लेखिएको 'विवस्त्र रामायण' का नारी पात्रहरू मिनाक्षी, मैथिली, उर्मिलाले आफ्नो अतीतप्रति चरम विद्रोह गरेका छन् । मिनाक्षीले विगतमा आकर्षक र भद्र लोग्नेमान्छे (राम, लक्ष्मण) सँग आफ्ना यौनेच्छा व्यक्त गर्दा र तिनीहरूसँग जिस्कँदा कामोत्तेजक शूर्पणखाको संज्ञा दिइयो तर जिस्कने लक्ष्मण लगायतका पात्रहरू आदर्शवान् ठहरिए । विगतको यस्ता घटनाका विरूद्ध मिनाक्षी कथामा यसरी खनिएकी छ :

> शूर्पणखाले आफ्नो इच्छा निसङ्कोच व्यक्त गरेकै कारण अस्त्र शस्त्र भिरेका दिव्यपुरूषहरूले 'स्लट शेमिङ' गरे । सुनसान ठाउँमा एक्ली केटी, सरी एक्ली राक्षसी देखेर ऊसित जिस्केर क्षणिक रमाइलो पनि गरे । तपाईँहरूको गलत बुझाइले गर्दा शूर्पणखाको इच्छा अभिव्यक्ति अनैतिक ठहरियो तर तपाईँहरू ऊसित जिस्केको नैतिक ...? (थापा, २०७४, पृ.१७५)

शूर्पणखाले विगतमा यौनयाचना गरेकोमा दण्डको भागेदार बनाइएको तर यौनयाचना भनेर बुझ्ने र शूर्पणखासँग जिस्कने पुरूषलाई गल्ती नमानेको विगतप्रति मिनाक्षीले विद्रोह गरेकी छ एकातिर भने अर्कोतिर आफ्ना खुसी र चाहना दबाएर सतित्व, पतित्व र नारीत्व परीक्षा पास गरेकी मैथिली विगतप्रति आक्रोशित हुँदै कथामा यसरी प्रस्तुत भएकी छ :

> एकातिर डिप्रेसन ! अर्कोतिर लठ्याउने औषधीको लत ! दुवै हिंस्रक भएका छन् । ... नर्वस ब्रेकडाउनपछि लाग्दै छ अब मसित हार्न केही बाँकी छैन । त्यसैले अब आफ्ना आघातका

> कुरा, मौन आक्रोशका कुरा र भूतकालीन पीडकप्रेतका कुरा सबै लेख्न चाहन्छु । मन दुखेको बेला रुन चाहन्छु, कराउन चाहन्छु । जब खुसी हुन्छु, हाँस्न चाहन्छु । रिस उठेको बेला अङ्गार ओकल्न चाहन्छु । ( थापा, २०७४, पृ.१६२/१६३)

यसरी रामायणका नारी पात्रहरू 'विवस्त्र रामायण' मा आइपुग्दा विगतमा आफूमाथि भएका अन्याय अत्याचारको घोर विरोध गर्दै चरम विद्रोही भएर देखापर्दछन् । अतः यस प्रसङ्ग वा घटनाले पनि नारीवादलाई पुष्टि गर्दछ । त्यस्तै रामले बालीलाई झुक्याएर मारेपछि बालीपत्नी ताराले आदर्श पुरुष रामको चरित्रमाथि प्रश्न उठाएको प्रसङ्ग पनि रामायणमा छ (शास्त्री, २०५०) । तर यो प्रसङ्गलाई कथामा उल्लेख नगरिनु कथाकारको एकपक्षीय दृष्टिकोण हो ।

## अस्तित्वशून्य आदर्श जीवनप्रतिको अनास्था

'विवस्त्र रामायण' की मैथिलीले आफ्नो विगतको अस्तित्वशून्य आदर्श जीवनप्रति चरम अनास्था मात्र नभई घृणा भाव व्यक्त गरेकी छ । कुटिल पितृसत्ताका विद्वत् समुदायले उसका जीवनका अकथनीय पीडाहरू (आफ्ना रूचिअरूचिलाई महत्त्व नदिई सदा सेविकाका रूपमा रहन पर्नु, जति नै आचरणमा रहे पनि अरूले आशङ्का गर्दा अग्नि परीक्षाका लागि तयार हुन पर्नु, अपहरणको त्रास पनि थेग्नु, परित्यक्त भएर बाँच्नु, विरहाग्नि सहनु, एकान्त प्रसव वेदना पनि झेल्नु, जीवनको स्वत्व बोध गर्न नपाउनु आदि) लाई कल्पनाको जालो बुनेर आदर्शका अलौकिक कथा रचेका र अरू नारीलाई पनि सोही बाटोमा डोऱ्याएर कुज्याउने गम्भीर राजनीतिक षड्यन्त्र गरेको देख्छे (खनाल, २०७५, पृ. ७) । पितृसत्ताका कारण आफ्ना इच्छा चाहनाहरू दबाएर विगतमा अस्तित्वशून्य आदर्श जीवन बाँच्न बाध्य बनाइएकामा 'विवस्त्र रामायण' का नारी पात्रहरूले चरम अनास्था प्रकट गरेका छन् । विगतको अस्तित्वशून्य आदर्श जीवनप्रति अनास्था प्रकट भएका सन्दर्भहरू कथामा यसरी आएका छन् :

> '... दण्डको त्रास देखाएर, आदर्शप्रेरित रोमाञ्च थपेर साँस्कृतिक आलेख तयार गरियो । नैसर्गिक यौनेच्छा र प्रेमेच्छालाई पतीत स्वेच्छाचारी राक्षसीको विद्रुप इच्छा भनेर परिभाषित गरियो । विद्रुप इच्छा गर्ने आइमाईलाई दण्ड दिइन्छ भन्ने त्रासलाई जीवन्त राखियो । मौन, ग्रहणशील र स्वत्व-निस्सारता स्विकारेकी आइमाईलाई पूजिता मानिने संस्कारको थालनी गरियो । सामाजिक दण्डको डरले गर्दा आइमाईहरू आफ्ना इच्छा लुकाउने अभिनयमा पोख्त भए । ( थापा, २०७४, पृ.१७५)

भोगिने र अनुभव गरिने भन्दा पनि फ्रेममा सजाएर राखिने आदर्श जीवन बाँच्न रामायणका नारी पात्रहरूले विगतमा जुन खालको अभिनय गरे त्यसबाट कालान्तरमा उनीहरू सन्तुष्ट हुन सकेनन् र 'विवस्त्र रामायण' मा उनीहरूले अस्तित्वशून्य आदर्श जीवनप्रति अनास्था मात्र प्रकट गरेनन्; आगामी दिनमा वास्तविक जीवनको रसास्वादन गर्ने उद्घोष समेत गर्न पुगे । यदि यसो हुन नसकेमा अस्तित्वशून्य आदर्श जीवन बाँच्न बाध्य पार्ने पितृसत्ताका विरूद्ध विद्रोह गर्न पनि पछि नपर्ने शङ्खघोष समेत गरे । त्यसैले यस सन्दर्भलाई पनि नारीवादी कोणबाट हेर्न सकिन्छ ।

## नारी अस्मिताको अग्निपरीक्षा

'प्रेतविधिज्ञः मैथिली आघात अनुभव' आत्मकथाकी मैथिलीको सतित्व, पतित्व र नारीत्व मापन गर्नका लागि धैर्यता र सहनशीलताका लागि दिइने 'ब्रम्हाण्ड तितीक्षा' पुरस्कारको घोषणासहित उसलाई

नारी अस्मिताको अग्निपरीक्षामा होमिएको छ । उक्त पुरस्कारको घोषणाले मैथिलीलाई सहनशील, धैर्य र पतिव्रता नारीका रूपमा प्रस्तुत हुन बाध्य बनाएको छ । पितृसत्ताले निर्धारण गरेका यस्ता पुरस्कार र ख्याति पाउँदै जाँदा मैथिलीले आफ्ना दुखेसो र गुनासो पोख्ने स्वतन्त्रता गुमाउँदै मौन अभिनयमा पोख्त हुँदै गएको कुरालाई कथामा उल्लेख गरिएको छ । पुरूषप्रधान समाजले मैथिलीलाई आफ्ना मनका इच्छा र चाहना मनमै दबाएर सहनशीलताको अभिनय गर्न बाध्य बनाएको छ । मैथिलीमा उत्पन्न अन्तर्विरोधले उसमा मानसिक पीडा चुलिँदै जाँदा मुटुको गति अस्वाभाविक रूपले बढेको, शरीर पसिनाले भिजेको, आतङ्कित अनुहार, अर्धविक्षिप्त अवस्थाको बोली र झ्यालबाट हाम फाल्ने प्रयास गरेकी मैथिलीलाई डाक्टरले चरम डिप्रेसन र आत्मघाती प्रवृत्ति देखापरेको मेडिकल रिपोर्ट थमाउन पुग्छ ।

> अग्रजहरूको सम्मानित उपस्थितिमा पवित्रताको परीक्षा दिन मलाई पुन: उभ्याइएको सपना देखेर आतङ्कित हुन पुगेकी रहेछु त्यस राति । एकहुल रमिते मेरा सतित्व परीक्षक बनेर हल्ला गर्दै उभिएका थिए । सम्पूजनीय पुरूषहरूका अगाडि 'मलाई अरू पुरूषले छोएको छैन, हेरेको छैन' भनेर प्रमाणित गर्नुपर्ने अवस्था फेरि सिर्जित भएको रहेछ । तर उनीहरूको फैसला सुन्नुअघि म परीक्षा बहिष्कार गरेर भाग्ने कोसिस गर्दै थिएँ । ( थापा, २०७४, पृ.१५९)

यसरी हेर्दा के देखिन्छ भने पितृसत्ताले नारीलाई उसको इच्छा विपरीत सतित्व, पतित्व र नारीत्वको अग्नि परीक्षामा होमिन बाध्य बनाएको छ । पुरूषले आफ्नो निहित स्वार्थका लागि नारीमाथि शरीर राजनीति गरेर स्वार्थ सिद्धि गरेको छ । नारीहरू केवल पुरूषको भोगविलासको साधन, सन्तान उत्पादन गर्ने मेसिन, पुरूषको खेलौना, फूलदानीमा सजाइएको फूल भएर बाँच्नुपर्ने स्थितिका विरूद्ध विवस्त्र रामायणका नारी पात्रहरूले विद्रोह गरेका छन् ।

## नारी स्वतन्त्रताको वकालत

मानिस स्वतन्त्रताप्रेमी प्राणी हो । जसरी घना जङ्गलको खुला आकाशमा स्वतन्त्रतापूर्वक उड्ने पंक्षीलाई करोडौं रूपियाँ पर्ने सुनको पिँजडामा राख्दा खुसी हुन सक्दैन त्यसरी नै मान्छे पनि आफूले प्राप्त गरेको स्वतन्त्रता गुमाएर अर्काको अधीनमा रहन सक्दैन । प्रत्येक मान्छेका लागि स्वतन्त्रता अति प्यारो हुन्छ । तर 'रामायण' का नारी पात्रहरू आफ्नो स्वतन्त्रता र खुसी गुमाएर पुरूषको खुसीका लागि बाँचेका छन् । नारीको सम्पूर्ण जीवन पुरूषकै अधीनमा बित्ने गर्दछ । कहिले बाबुको अधीनमा त कहिले लोग्नेको अधीनमा अनि लोग्नेको मृत्युपछि छोराको अधीनमा रहनुपर्दछ । नारीको परिचय र अस्तित्व पनि पुरूषसँग जोडिएको हुन्छ । पतिसँग जोडिएको परिचयले आफ्नो मनको खुसीभन्दा पतिसँगै जोडिएकाहरूको खुसी र सेवामा लाग्नुपर्ने परम्परावादी सोचलाई कथाले प्रस्तुत गरेको छ । गतिलो पति पाएकोमा खुसी हुन सिकाउने समाजले गतिली पत्नी पाएकोमा खुसी र गर्व गर्न किन सिकाउँदैन भनी प्रश्न गरिएको छ ।

> 'तिमी त कति भाग्यमानी ! ओहो यस्तो पति पाउनु त भाग्यको कुरा हो । अब तिमीलाई अरू के चाहिन्छ र ? पति र कुटुम्बजनको यथायोग्य सेवा गर । सबैलाई प्रशन्न बनाउन सिक । अबदेखि पतिको सुख तिम्रो सुख र पतिको दु:ख तिम्रो दु:ख ।' ( थापा, २०७४, पृ.१५६) ।

नारीको स्वतन्त्रतामाथि यति धेरै रोक लगाइएको छ कि यात्राका क्रममा गाडी रोकेको बेला पिसाब फेर्ने छुट समेत नारीलाई दिइएको छैन । पुरूषहरू ढाड फर्काएर मूत्रविसर्जन गरेका तर मिनाक्षी

लगायतका नारी पात्रहरू अलि पर गएर रूखको छेल पारी पिसाब फेर्न बाध्य भएको घटनालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> सानी हुँदा छोरीमान्छे भएर जन्मेकोमा गुनासो थियो उसलाई । किन होला भन्ने प्रश्नको उत्तर बल्ल थाहा पाई उसले । रेष्टुरेन्टपछाडि उभिएका केही सायुज्य शिश्नधारीहरू ढाड फर्काएर मूत्रविसर्जन स्वतन्त्रताको निर्धक्क उपभोग गर्दै थिए । 'जाबो पिसाब फेर्न पनि विभेद ! निसङ्कोच र निर्लज्ज स्वतन्त्रताको सहुलियत समाजका केहीलाई ....?' ( थापा, २०७४, पृ.१६५)

नारीले पुरूषको खुसीका लागि आफ्नो स्वत्व गुमाएर सहनशीलताको अभिनय गर्दागर्दै चरम डिप्रेसन र आत्मघाती रोगको शिकार हुन मैथिली बाध्य भएकी छ । एउटै भूगोल, एउटै समय र एउटै परिवेशमा जन्मिएका दुई प्राणी (पुरूष र नारी) एउटाले स्वतन्त्रताको भरपुर उपभोग गर्दछ अर्को पराधीन भएर बाँच्नुपर्ने बाध्यता छ । समाजले सिर्जना गरेको यो लैङ्गिक विभेदका विरूद्ध 'विवस्त्र रामायण' का नारी पात्रहरूले आवाज उठाएका छन् । "जति जति अरू ख्याति, पुरस्कार र पदवी पाउँदै गएँ, आफ्नो दुखेसो र गुनासो पोख्ने स्वतन्त्रता पनि गुमाउँदै गएँ । मौन अभिनयमा पोख्त हुँदै गएँ म" (थापा, २०७४, पृ.१६२) ।

मैथिलीलाई सहनशील नारीका रूपमा स्थापित गरेर जब 'ब्रम्हाण्ड तितीक्षा' पुरस्कारको घोषणा गरियो तबदेखि नै उसले आफ्नो दुखेसो र गुनासो पोख्ने स्वतन्त्रता गुमाउँदै गएको महसुस गर्न थाली । गहभरि आँसु र मनभरि पीडा बोकेर लोकलाजका निम्ति पेनकिलर खाएरै भए पनि बाहिर हाँसीखुसी बाँचेको अभिनय गर्नुपर्ने स्थिति पितृसत्ताकै कारण सिर्जना भएको हो । नारीमाथि हुने यस्तो चरम अन्याय र अत्याचारको विरोध कथामा गरिएको छ ।

## निष्कर्ष

अर्चना थापाद्वारा लिखित प्रस्तुत 'विवस्त्र रामायण' समयको कुनै कालखण्डमा पितृसत्ताको कोणबाट रचना गरिएको 'रामायण' को विपठन वा विनिर्माण गरी लेखिएको एक उत्तरआधुनिक नारीवादी कथा हो । यस कथामा पुरूषद्वारा पीडित नारीका पीडा र व्यथाहरू कथ्यका रूपमा आएका छन् । जादुमय ढङ्गमा टुङ्ग्याइएको यस कथामा विगतमा स्थापित देव/दानव, नैतिक/अनैतिक, सत्य/असत्य, नर/नारीलाई पूरै उल्ट्याइएको छ । शूर्पणखाका कोणबाट रामायणको विपठन/विनिर्माण गरिएको छ । नारीत्वका पुराना मानकलाई भत्काइएको छ । कथाका मैथिली र मिनाक्षीले पितृसत्ताको सशक्त रूपमा प्रतिरोध गरेका छन् । यस कथालाई केलाउने अन्य विभिन्न आधारहरू भए पनि यहाँ 'विवस्त्र रामायण' लाई नारीवादी कोणबाट केलाउने प्रयास गरिएको छ ।

'विवस्त्र रामायण' लाई पल्टाउँदा नारीवादी कोणबाट रामायणको विनिर्माण गरी नारीत्वका पुराना मानकलाई भत्काएर नवीन मूल्य र मान्यताहरू स्थापित गर्न खोजिएको छ । साथै कथामा पितृसत्ताको विरोध गर्नुका साथै रामायणमा नारी पात्रहरूले बाँचेको जीवनप्रति चरम विद्रोह गरिएको छ । मैथिलीका माध्यमबाट विगतको अस्तित्वशून्य आदर्श जीवनप्रतिको अनास्थालाई प्रकट गरिएको पाइन्छ । पितृसत्ताकै कारण मैथिलीजस्ता नारीहरू गहभरि आँसु र मनभरि पीडा बोकेर देखावटी अभिनयका साथ नारी अस्मिताको अग्निपरीक्षामा होमिनु परेको तीतो यथार्थको मार्मिक प्रस्तुति कथामा पाइन्छ । यसका अतिरिक्त स्वतन्त्र परिचय गुमाएका रामायणका नारी पात्रहरूले आफ्नो स्वतन्त्रता र अस्तित्वका लागि 'विवस्त्र रामायण'मा विद्रोह गरेका छन् । यद्यपि कथाकार थापाले भनेझैं वाल्मीकि

रामायणका सीता लगायतका नारी पात्रहरू अबला र निरीह मात्र देखिंदैनन् । वाल्मीकि रामायणकी सीतालाई पतिव्रता, सरल र सोझी आदर्श नारीका रूपमा चित्रण गरिएको भए पनि वाल्मीकि रामायणकै कतिपय प्रसङ्गहरूले उनी जुझारू, निर्भीक र सबला नारी हुन् भन्ने दर्शाएका छन् । राम वनवास जाने प्रसङ्गमा उनले विमति जनाउँदै अयोध्या नगरीमै राजकाज सञ्चालन गरेर आफ्नो अधिकारको उपयोग गर्नुपर्ने बताएकी छन् भने लङ्काको अशोकबाटिकामा रावणले उनलाई रानी बनाउने प्रलोभन देखाएर फकाउने प्रयत्न गरिरहँदा एउटी वीराङ्गनाले झैं निडर भएर आफ्नो तेजले रावणलाई भस्म गर्न सक्ने बताउँदै छल गरेर अर्काकी पत्नीलाई हरण गर्नु कुनै पुरूषार्थ होइन, तेरो शीघ्र विनाश हुँदैछ भनेर हप्काएकी छन् । त्यस्तै रामले बालीलाई झुक्याएर मारेपछि बालीपत्नी ताराले आदर्श पुरुष रामको चरित्रमाथि प्रश्न उठाएको प्रसङ्ग पनि रामायणमा छ । अतः कथाकार थापाले मूल रामायणको आफूलाई अनुकूल हुने क्षेत्र मात्र पढेर विनिर्माण गरेको देखिन्छ । यति हुँदाहुँदै पनि यस कथालाई उत्तरआधुनिक नारीवादी कोणबाट सबल कथा मानिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, लक्ष्मीशरण (२०६८). *आधुनिकता, उत्तरआधुनिकता र नेपाली आख्यान.* नेपाली लेखक सङ्घ ।

खनाल, सुलोचना (२०७५), *कठपुतला कथासङ्ग्रहको विमर्श,* सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी एकेडेमी प्रकाशन ।

तामाङ, सेरा (सन् २००४), “नेपालमा विकासे नारीवाद”, *नेपालका सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* सम्पा. मेरी डेसेन र प्रत्युष वन्त, सोसल साइन्स, वहा ।

थापा, अर्चना (२०७४), *कठपुतला,* अक्षर क्रियसन्स नेपाल ।

पौडेल, विष्णुप्रसाद (२०६९), *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रुप,* सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

भट्टराई, गोविन्दराज (२०६१). *पश्चिमी बलेसीका बाछिटा.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, सुधा (२०६८), “पाश्चात्य नारी लेखनमा नारीवादी प्रवृतिको विकास,” *मधुपर्क,* ४४:४, पूर्णाङ्क ५०७ (भदौ), पृ.५-८ ।

वाल्मीकि (२०५०). *श्रीमद्वाल्मीकीय रामायण द्वितीय भाग,* अनु.रामनारायणदत्त शास्त्री, गीताप्रेस ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।